प.सं. च.नं./Ref:

निर्वाचन आयोग
नेपाल
२०२३

# प्रेस विज्ञप्ति

मिति २०७६/०७/१४

काठमाण्डौं, कार्तिक १४

यहि २०७६ मंसीर १४ गते शनिवारका दिन सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तह सदस्य रिक्त पदको उपनिर्वाचनको तयारी एवं निर्वाचन आचार संहिताका सम्बन्धमा नेपाल सरकार, राजनीतिक दलका अध्यक्ष/प्रमुख/प्रतिनिधिज्यूहरुसँग आयोगले छलफल कार्यक्रम सम्पन्न गरेको छ । आयोगका मा. प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले कार्यक्रमको अध्यक्षता गर्नुका साथै उपनिर्वाचनको सन्दर्भमा आयोगले गरेको तयारी र निर्वाचन आचारसंहिता प्रस्तुत गर्नु भयो । यसै गरी आयोगका मा. निवाचन आयुक्त इश्वरी प्रसाद पौड्यालले विगतको निर्वाचनमा आचारसंहिताको पालना सम्बन्धी अनुगमनबाट औल्याइएका विषयहरु जानकारी गराउनु भयो । आयोगका सबै माननीय आयुक्तहरुको उपस्थिति रहेको उक्त छलफल कार्यक्रममा नेपाल सरकारको तर्फबाट मा. उपप्रधान तथा रक्षा मन्त्री इश्वर पोखरेलले आचारसंहिताको पालना गर्ने प्रतिवद्धता व्यक्त गर्नुको साथै निर्वाचन आयोगलाई निर्वाचनका लागि सबै आवश्यक सहयोग उपलब्ध गराइने विश्वास दिलाउनुभयो । उक्त छलफल कार्यक्रममा मा. पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष पुष्प कमल दाहाल (प्रचण्ड), मा. परराष्ट्र मन्त्री प्रदिप ज्ञवाली लगायत राजनीतिक दलका अध्यक्ष/ पदाधिकारी र प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । मा. पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष पुष्प कमल दाहाल (प्रचण्ड) ले विगतका कमीकमजोरी र गुनासालाई समीक्षा गर्दै आगामी दिनमा सरोकारवाला सबैले निर्वाचन आचारसंहिता दृढताका साथ पालना गर्न सुझाव दिनुका साथै आचारसंहिताको पालना गर्न पार्टी प्रतिवद्ध रहेको कुरा व्यक्त गर्नुभयो । कार्यक्रममा उपस्थित सबै राजनीतिक दलहरुले आयोगबाट जारी निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिवद्धता जनाउनुका साथै आयोगलाई आचारसंहिता पालना गर्न गराउन गम्भिर हुन र सो को प्रभावकारी अनुगमन गर्न सुझाव प्राप्त भएको छ ।

नेपाल सरकार र राजनीतिक दलहरुबाट भएको निर्वाचन आचारसंहिताको पालना गर्ने प्रतिवद्धता र दलहरुको विवरण निम्नानुसार रहेको छ ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:


प्रतिबद्धता

"स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनले मात्र लोकतन्त्रको सुदृढीकरण तथा शासनको सवलीकरणमार्फत सुशासनमा टेवा पुऱ्याउँछ भन्ने तथ्यलाई हृदयाङ्गम गर्दै मुलुकमा संवत २०७६ साल मंसिर १४ गते सम्पन्न गरिने प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह सदस्यको उपनिर्वाचनको सुव्यवस्थापनमा हाम्रो अग्रणी भूमिका रहेको तथ्यलाई आत्मसात् गरी निर्वाचन आयोगले जारी गरी कार्यान्वयनमा ल्याएको निर्वाचन आचारसंहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ मा उल्लेख भएका आचारसंहिताका बुँदाहरुको अक्षरश: पालन गर्न तथा निर्वाचनका सरोकारवालाहरुबाट समेत पालना गर्न गराउन हामी सदैव मन वचन र कर्मले प्रयत्नशील रहीरहने प्रतिबद्धता व्यक्त गर्दछौं ।"

| सि.नं | दलको नाम | अध्यक्ष /प्रमुख/ प्रतिनिधि | हस्ताक्षर |
|---|---|---|---|
| १. | ईश्वर पोखरेल | उप-प्रधानमन्त्री | |
| २. | पुष्प कमल दाहाल (प्रचण्ड) | अध्यक्ष नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | |
| ३. | विष्णु प्रसाद पौडेल | महासचिव (ने क पा) | |
| ४. | प्रदिप ज्ञवाली | परराष्ट्रमन्त्री | |
| ५. | एन.पी.साउद | नेपाली कांग्रेस | |
| ६. | डा. शिवजी यादव | समाजबादी पार्टी | |
| ७. | डा.सुरेन्द्र झा | राष्ट्रिय जनतापार्टी | |
| ८. | मानवी पौडेल | साझा पार्टी | |
| ९. | सुशील श्रेष्ठ | रा .प्र .पा | |
| १०. | हिमलाल पुरी | राष्ट्रिय जनमोर्चा | |
| ११. | प्रेम सुवाल | नेपाल मजदुर किसान पार्टी | |
| १२. | चन्द्र प्रकाश मैनाली | नेपाल कम्यूनिष्ट पार्टी (माले ) | |
| १३. | के.पी पालुङ्गा | राष्ट्रिय जनमुक्टी पार्टी | |
| १४. | रघु परियार | नेपाली जनता दल | |
| १५. | विष्णु कुमार लिम्बु | संघिय लोकतान्त्रीक राष्ट्रिय मञ्च | |
| १६. | खिम लाल देवकोटा | नेपाल कम्यूनिष्ट पार्टी (ने क पा) | |
| १७. | हरिचरण शाह | नेपाली जनता दल | |

आयोगले जारी गरेको निर्वाचन आचारसंहिता आयोगको www.election.gov.np मा हेर्न सकिनेछ ।

..........................................
सूर्यप्रसाद गौतम
सहायक प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np